नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## विज्ञप्ति

आज मिति २०७८ बैशाख १ गते प्यूठान जिल्लामा रहेको स्वर्गद्वारी धार्मिकस्थलको दर्शनार्थ जिल्ला प्रशासन कार्यालय, गुल्मीमा कार्यरत कर्मचारीहरु सहित १७ जना सवार रहेको लु.१.ज.१६५५ नं. को जिप प्यूठान जिल्लाको स्वर्गद्वारी नगरपालिका वडा नं. २, रुमाले भन्ने स्थानमा सडक देखि अन्दाजी १५० मिटर तल खस्न गई दुर्घटना हुँदा जिपमा सवार जिल्ला प्रशासन कार्यालय, गुल्मीका प्रशासकीय अधिकृत श्याम न्यौपाने, कम्प्युटर अपरेटर सुर्य प्रसाद पन्थी, खरिदार इश्वरी भण्डारी, खरिदार यमलाल पन्थी र चालक केशव कार्कीको दुखद निधन भएको र गम्भीर घाइते भएका सुनिता कडेल, गिता बोहरा (मुखिया), कमला पन्थी (ज्ञवाली), सार्थक ज्ञवाली, सन्जिव परियार र मुना पाण्डे समेत ६ जनालाई हेलिकप्टर मार्फत तत्काल उद्धार गरी उपचारका लागि काठमाडौं ल्याइएको छ । सो जिपमा सवार अन्य ६ जना घाइतेलाई स्थानीय स्वास्थ्य केन्द्रमा उपचार पश्चात डिस्चार्ज गरिएको जानकारी प्राप्त भएको छ । उक्त दुखद घटनाका मृतकहरुप्रति गृह मन्त्रालय हार्दिक श्रद्धाञ्जली एवं मृतकका परिवारजनप्रति समवेदना व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

१/१

चक्र बहादुर बुढा
सहसचिव/प्रवक्ता

मितिः २०७८/०१/०१